नेपाल सरकार

**अर्थ मन्त्रालय**

# प्रेस विज्ञप्ती

आज मिति २०७० साल फागुन २१ गते बुधबार (तदनुसार मार्च ५, २०१४) मा बिश्व बैंकका नेपाल भ्रमणमा रहेका कार्यकारी निर्देशकहरुको समूहले माननीय अर्थ मन्त्री डा.रामशरण महतसँग अर्थ मन्त्रालयमा शिष्टाचार भेटघाट गर्‍यो ।

भेटघाटको क्रममा माननीय अर्थमन्त्री डा.महतले उक्त टोलीलाई स्वागत गर्दै बिश्व बैंकले नेपालको बिकास प्रयासमा सहयोग गर्दै आएकोमा हार्दिक धन्यवाद समेत व्यक्त गर्नुभयो । उहाँले भर्खरै संविधानसभाको दोस्रो निर्वाचन सम्पन्न भई नयाँ सरकार गठन भएको सन्दर्भमा यो सरकारको प्रमुख कार्य समयमै संबिधान निर्माण गर्नु रहेको भए पनि जनताको बढदो आकांक्षा पूर्तिको लागि बिकासात्मक क्रियाकलापहरुमा समेत लगानी बढाउनु जरुरी रहेको कुरा व्यक्त गर्नुभयो । यसको लागि सरकारले पूंजिगत खर्च बढाउने र नीजि क्षेत्रलाई समेत पूर्वाधार क्षेत्रमा लगानी बढाउन प्रोत्साहित गर्नु जरुरी रहेको कुरा औंल्याउनु भयो । साथै उंहाले सरकारले निकट भविश्यमा सरकारका न्यूनतम साझा नीति तथा कार्यक्रमको घोषणा गरी कार्यान्वयन गर्ने र तत्कालका लागि सरकार प्रति लगानीकर्ताको बिश्वास सुजना गर्नु जरुरी रहेको धारणा ब्यक्त गर्नु भयो । साथै नीजि क्षेत्रको लगानी बृद्धि गर्नका लागि सवल वातावरण सृजना गर्नु जरुरी रहेको र यसको लागि केही अत्यावश्यक बिधेयकहरु ब्यवस्थापिका संसदमा बिचाराधीन रहेकोले उक्त बिधेयकहरु छिट्टै पारित हुने तथा कतियप आवश्यक नीतिहरु आगामी बजेटमा समेत ल्यायी नीजि क्षेत्रको बिश्वास अभिबृद्धि गरिने बिचार व्यक्त गर्नु भयो । उक्त अवसरमा माननीय अर्थमन्त्री डा.महतले नेपालको भौगोलिक बिकटताको कारणले बिकासको लागि लागत महंगो पर्ने गरेको उल्लेख गर्दै हालसम्म सामाजिक क्षेत्रमा भएको उत्साहजनक प्रगति प्रति सन्तोष ब्यक्त गर्दै आगामी दिनमा सामाजिक क्षेत्रमा आन्तरिक स्रोतवाट खर्च व्यहोरिने र सडक, उर्जा जस्ता भौतिक पूर्वाधारका क्षेत्रहरुमा लगानी बृद्धिका लागि बैदेशिक सहायता परिचालन अपरिहार्य रहेकोले भौतिक पूर्वाधारका क्षेत्रहरुमा बिश्व बैंकले लगानी बढाउनु जरुरी रहेको कुरामा जोड दिनु भयो । साथै उंहाले पूंजीगत क्षेत्रमा सरकारी क्षेत्रको लगानी बृद्धि गर्नुको अलावा निजी क्षेत्रको लगानीको लागि बिश्वास सृजना गर्नु समेत आवश्यक रहेको कुरामा जोड दिनुभयो ।

सो भेटघाटमा बिश्व बैंकका कार्यकारी निर्देशकहरुले अर्थ मन्त्रीको रुपमा डा. महतको पुनः बहाली भएकोमा खुशी ब्यक्त गर्दै नेपालमा नयाँ सरकार गठन भएको र यसले अवलम्बन गर्ने नीति तथा कार्यक्रमहरुको सन्दर्भमा नेपालको बास्तविक अवस्था बुझ्न यो भ्रमर्ण महत्वपूर्ण हुने धारणा व्यक्त गरे । साथै उक्त टोलीले नेपालको कार्यसम्पादन स्तरमा सुधार हुंदै गएको उल्लेख गर्दै बिश्व बैंकले गरिवी निवारण, अर्थतन्त्रको प्रबर्द्धन र नीजि क्षेत्रको बिकासको लागि प्रतिबद्ध रहेको उल्लेख गर्दै प्रतिनिधि मण्डलले नेपालको बिकासका लागि आगामी दिनहरुमा समेत बैंकको सहयोग निरन्तर रहने विश्वास समेत दिलाउनु भयो ।

भेटघाटको क्रममा माननीय अर्थमन्त्री डा.महतले बैंकले नेपाललाई प्रदान गर्ने सहायतामा कृणको अंश बढदै गएको सन्दर्भमा बैंकले राष्ट्रको संक्रमणकालीन अवस्थालाई समेत ध्यान दिई नेपालको लागि नरम नीति अख्तियार गरी अनुदान सहायतामा बृद्धि गर्नु पर्ने समेत आग्रह गर्नुभयो । अर्थ मन्त्री डा. महतले नेपालको समष्टीगत आर्थिक परिसूचकहरुको स्थिती र सामाजिक परिसूचकहरुको प्रगति अनुकूल रहेको वताउदै चालु आर्थिक वर्षमा करिव ५.५% सम्मको आर्थिक बृद्धि हाँसिल हुने अपेक्षा व्यक्त गर्नुभयो ।

बैंकको प्रतिनिधि मण्डलहरुमा Mr. Sundaran ANNAMALAI, Mr. Shixin CHEN, Mr. Jörg FRIEDEN, Mr. Denny Hamachila Kalyalya, Mr. Agapito MENDES DIAS, Mr. Wilhelm Michael RISSMANN, Mr. Wilhelm Michael RISSMANN, Mr. Bok-Hwan YU, Ms. Sara Margalit AVIEL, Mr. Shahrol Anuwar SARMAN, Mr. David Kolitagane, Mr. Samir SULEYMANOV र Ms. Julijana AMIEL सहभागी थिए । उक्त भेटघाटमा अर्थ सचिव श्री शान्तराज सुवेदी, अन्तरार्ष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाका सहसचिव श्री मधुकुमार मरासिनी तथा बिश्व बैंकका नेपाल निर्देशक Mr. Johannes Zutt, नेपालका लागि अन्तराष्ट्रिय आर्थिक निगमका नेपाल निर्देशक Mr. Kyle Kelhofer को समेत सहभागीता रहेको थियो ।

**२०७० साल फागुन २१ गते ।**